म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६५/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- ७३ २०७९ माघ १८ गते बुधबार 1 February 2023, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-




# गाँजा र अफिम फँडानी



समाज संवाददाता

हेटौंडाः नेपाल प्रहरी र सशस्त्र प्रहरीले मकवानपुरको राक्सिराङ गाउँपालिका र कैलाश गाउँपालिकामा अबैधरुपमा गरिएको अफिम र गाँजा खेती फडानी गरेको छ। प्रहरीले तीन दिनमा १ सय ३० बिगाह अफिम र २८ बिगाह १० कठ्ठा गाँजा खेती फडानी गरेको हो।

प्रहरी निरीक्षक सुमन बानियाँको कमाण्डमा खटिएको प्रहरीले माघ १४ गते राक्सिराङ गाउँपालिका वडा नम्बर ७ मा २० बिगाह अफिम र १ बिगाह गाँजा फडानी गरेको छ। यस्तै, माघ १५ गते राक्सिराङ गाउँपालिका वडा नम्बर ६ र ७ मा ४१ बिगाह अफिम र २१ बिगाह गाँजा खेती फडानी गरेको उल्लेख गरेको छ। त्यसैगरी, सोमबार राक्सिराङ गाउँपालिका–७ मा १४ बिगाह अफिम र ६ बिगाह १० कठ्ठा गाँजा खेती फडानी गरिएको छ।

प्रहरी निरीक्षक बलराम श्रेष्ठको कमाण्डको टोलीले माघ १४ गते कैलाश गाउँपालिका–७ मा १५ बिगाहमा लगाइएको अफिम फडानी गरेको छ। यस्तै, माघ १५ गते कैलाश गाउँपालिका वडा नम्बर ७ र ८ मा २० बिगाह अफिम खेती फडानी गरेको उल्लेख गरेको छ। त्यसैगरी, सोमबार राक्सिराङ गाउँपालिका–४ मा २० विगाह अफिम फडानी गरेको प्रहरीले जनाएको छ।

## १५ केजी गाँजा फेला

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका–१०, बसपार्कबाट १५ किलोग्राम (केजी) लागूऔषध गाँजा फेला परेको प्रहरीले जनाएको छ। प्रहरीले पुरानो नारायणी यातायातको काउण्टर बाहिर प्यासेजमा बेवारिसे अवस्थामा २ वटा जेब्रा झोलामा लागूऔषध गाँजा फेला पारेको हो। प्रहरी सहायक निरीक्षकको कमाण्डमा टोली खटिएर हेर्दा झोलाभित्र ३ वटा पोकामा अन्दाजी १५ किलोग्राम गाँजा फेला पारी जिल्ला प्रहरी कार्यालय मकवानपुर ल्याइएको प्रहरीले जनाएको छ। गाँजा कसले राखेको भन्ने नखुलेको र अनुसन्धान कार्य भइरहेको बताइएको छ।

सच्याइएको: समृद्ध समाज दैनिकको २०७९ माघ १७ गतेको अंकमा प्रकाशित प्रमुख समाचारमा "शहीद स्मारकमा माल्यार्पण" भन्ने शीर्षक हुनुपर्नेमा असावधानीबस अन्यथा हुन गएकोमा सच्याइएको जानकारीसहित क्षमाप्रार्थी छौं। सम्पादक।

## ढकाल मुख्यमन्त्रीको प्रमुख सल्लाहकार

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेशको मन्त्रिपरिषद्को बैठक मंगलबार बिहान बसेको छ। बैठकबाट बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलको प्रमुख राजनीतिक सल्लाहकारमा देवीप्रसाद ढकाल नियुक्त हुनु भएको छ।

बागमती प्रदेशको मन्त्रिपरिषद् बैठकले भक्तपुर नगरपालिका–१० निवासी ढकाललाई मुख्यमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकारमा नियुक्त गर्ने निर्णय गरेको प्रदेश सरकारका प्रवक्ता आर्थिक मामिला तथा योजना मन्त्री जगन्नाथ थपलियाले जानकारी दिनुभयो। ढकाललाई प्रदेश राज्यमन्त्रीसरह सेवा सुविधा रहनेगरी मुख्यमन्त्रीको राजनीतिक सल्लाहकारमा नियुक्त गरिएको हो।

नेकपा माओवादी केन्द्रका केन्द्रीय सदस्य ढकाल पार्टीको अर्थ तथा योजना विभाग सदस्य समेत हुनुहुन्छ। उहाँले माओवादीको केन्द्रीय घोषणापत्र लेखन समितिका सदस्य भएर काम गर्नु भएको थियो।

## शिवशिखर सहकारीमा तनाव




सहकारीमा पैसा झिक्न आएका बचतकर्ताहरु।

समाज संवाददाता

हेटौंडाः हेटौंडा–४, पारिजातपथस्थित शिवशिखर बहुउद्देश्यीय सहकारी संस्थाको हेटौंडा शाखामा तनाव सिर्जना भएको छ। बचतकर्ताले आफूले बचत गरेको रकम प्राप्त गर्न नसकेपछि तनाव सिर्जना भएको हो।

मंगलबार बचतकर्ताहरुले सहकारी कार्यालयमा पुगेर आक्रोससमेत पोखेका थिए। प्रहरीले सहकारीका म्यानेजर निवा अवाले र बचतकर्ताहरुलाई जिल्ला प्रहरी कार्यालयमा ल्याएर छलफल गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेकबहादुर कार्कीले जानकारी दिनुभयो। सहकारी कार्यालयमा झगडा हुने स्थिति आएपछि म्यानेजर र केही बचतकर्ताहरुलाई छलफलका लागि ल्याइएको उहाँले बताउनुभयो।










# सम्पादकीय

## भ्रष्टाचार उस्तै

दिनहुँजसो भ्रष्टाचारी पक्राउ परेको समाचारले आम नेपालीलाई भ्रष्टाचारप्रति अभ्यस्त बनाइसकेको छ । आर्थिक समृद्धि ल्याएर आफ्नो क्षेत्र, प्रदेश र देशको विकास गर्छु भनेर निर्वाचन जितेका जनप्रतिनिधिसमेत भ्रष्टाचारमा संलग्न भइरहेका छन् । निर्वाचनको समयमा उम्मेदवारले गर्ने भाषणमा मात्र नभई उम्मेदवार सम्बद्ध राजनीतिक दलले सार्वजनिक गर्ने घोषणापत्रमा समेत भ्रष्टाचार अन्त्य गर्ने उद्घोष गरिन्छ । मुलुकमा संघीय लोकतान्त्रिक शासन व्यवस्था रहे पनि लोकतन्त्रको आधारस्तम्भ मानिने सुशासन कायम गर्न नसक्दा भ्रष्टाचार मौलाउँदै गएको छ । भ्रष्टाचारबाट थिलोथिलो भएको हाम्रो देशमा सुशासन र समृद्धिका कुरा भाषण र नारामा मात्र सिमित बनिरहँदा अन्तर्राष्ट्रियरुपमै नेपालको बदनाम भइरहेको छ । भ्रष्टाचार निवारणको क्षेत्रमा क्रियाशील अन्तर्राष्ट्रिय संस्था ट्रान्सपरेन्सी इन्टरनेशनलले प्रत्येक वर्ष सार्वजनिक गर्ने प्रतिवेदनले मुलुकको भ्रष्टाचारको विकराल अवस्थालाई उजागर गर्ने गरेको छ ।

नेपाल यस वर्ष पनि भ्रष्टाचार व्याप्त मुलुकको श्रेणीमा कायम रहेको छ । ट्रान्सपरेन्सी इन्टरनेशनल (टीआई) नेपालले मंगलबार सार्वजनिक गरेको सन् २०२२ को भ्रष्टाचार अवधारणा सूचकांकले नेपालमा भ्रष्टाचार व्याप्त मुलुकको श्रेणीमा कायमै रहेको पाइएको हो । सूचकांकमा नेपालले ३४ अंक प्राप्त गरी भ्रष्टाचार व्याप्त मुलुकहरूको श्रेणीको ११० औं स्थानमा परेको छ । १०० पूर्णाङ्कको मूल्यांकनमा नेपालको अवस्था अघिल्लो वर्षको भन्दा केही सुधार भएको पाइएको छ । सन् २०२१ मा ३३ अंक पाउँदै नेपाल ११७ औं स्थानमा थियो । भ्रष्टाचार व्याप्त मुलुकहरुको सूचीमा नेपालले अघिल्लो वर्षभन्दा ७ स्थान सुधार गरे पनि भ्रष्टाचार हुने देशको श्रेणीमै कायम रहेको छ । भ्रष्टाचारविरुद्ध अन्तर्राष्ट्रिय पहरेदार मानिने संस्थाको यो सूचकांकले नेपालको छविमा केही सुधार भएको देखिए पनि 'भ्रष्ट' देशको रुपमा अंकित भएको छ । सूचकांकमा १०० अंकले अति स्वच्छ र शून्य अंकले अति भ्रष्ट अवस्था जनाउने गर्दछ । ५० भन्दा कम अंक ल्याउनेलाई भ्रष्ट मुलुकको सूचीमा राखिन्छ भने ३० अंकभन्दा कम ल्याउनेलाई भ्रष्टाचार व्याप्त मुलुक मानिन्छ ।

ट्रान्सपरेन्सीको सूचकांकमा ९० अंक प्राप्त गरी डेनमार्क सबैभन्दा कम भ्रष्टाचार हुने र १२ अंक प्राप्त गरी सोमालिया सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा सूचीकृत भएको छ । यस वर्षको औसत अंक ४३ रहेको र विश्वका दुई तिहाइ मुलुकमा भ्रष्टाचार गम्भिर समस्याको रुपमा रहेको ट्रान्सपरेन्सी इन्टरनेशनलले जनाएको छ । दक्षिण एसियाका देशहरुमा सबैभन्दा कम भ्रष्टाचार हुने देशमा भुटान देखिएको छ । भुटान ६८ अंकसहित २५ औं स्थानमा रहँदा मालदिभ्सले ४० अंक ल्याएर ८५ औं स्थानमा पुगेको छ । यस्तै, भारत ४० अंकसहित ८५ औं, श्रीलंका ३६ अंकसहित १०१ औं र नेपाल ३४ अंकसहित ११० औं स्थानमा रहेको ट्रान्सपरेन्सीको प्रतिवेदनमा उल्लेख छ । पाकिस्तान २७ अंक प्राप्त गरेर १४० औं स्थानमा छ भने बंगलादेश २५ अंक ल्याएर १४७ औं स्थानमा रहेको छ । दक्षिण एसियामा सबैभन्दा बढी भ्रष्टाचार हुने देशमा अफगानिस्तान परेको छ । अफगानिस्तान २४ अंक ल्याएर १५० औं स्थानमा रहेको छ । छिमेकी मुलुक चीन ४५ अंक प्राप्त गरी ६५ औं स्थानमा छ ।

ट्रान्सपरेन्सीको प्रतिवेदनले नेपालले सूचकांक र स्थानमा थोरै सुधार भए पनि भ्रष्टाचार बढी हुने मुलुकको श्रेणीबाट मुक्त हुन सकेको छैन । यसले नेपालमा भ्रष्टाचारको अवस्था उस्तै रहेको बुझ्न सकिन्छ । भ्रष्टाचारकै कारणले नेपाल विश्व समुदायमा बदनाम भइरहेको छ । 'भ्रष्टाचारप्रति शून्य सहनशीलता'को नारा जतिसुकै लगाए पनि व्यवहारमा कार्यान्वयन भएको पाइँदैन । भ्रष्टाचार अन्त्यका लागि थुप्रै कानुनी र नीतिगत व्यवस्था लागू भएका छन् । भ्रष्टाचार अन्त्य गर्नेका संवैधानिक अंगको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग क्रियाशील छ । भ्रष्टाचार बिरुद्ध काम गरिरहेका राष्ट्रिय सतर्कता केन्द्रलगायतका विभिन्न सरकारी संरचनासमेतको प्रयासबाट समेत भ्रष्टाचार उल्लेख्य कम हुन नसक्नु विडम्बना बनिरहेको छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पठन–पाठनमा ध्यान केन्द्रित हुने समय छ ।
**वृष** : ज्ञान र अनुभूतिका काममा सरिक भइने छ ।
**मिथुन** : बुद्धि र कार्यकौशलताको काममा पूर्णता प्रँप्त ।
**कर्कट** : पारम्परिक काम र परोपकारी समय योग छ ।
**सिंह** : व्यापार–व्यवसाय मध्यमकारक रहला ।
**कन्या** : अनावश्यक खर्च बढ्ने समयको योग छ ।
**तुला** : कल्पना र भावुकतामा रमाइने समयको योग छ ।
**वृश्चिक** : बौद्धिक चिन्तनका काममा सरिक भइएला ।
**धनु** : कार्यक्षेत्र र प्रशासनिक क्षेत्रमा प्रभाव पर्ला ।
**मकर** : परीक्षा र प्रतियोगितामा सफलता प्राप्त ।
**कुम्भ** : बोल्दा शब्द चयनमा ध्यान दिनु पर्ने समय छ ।
**मीन** : महत्वकांक्षा र इच्छाहरु पूर्ण होलान् ।

# एक सातामा दुईवटा ठूला साइवर आक्रमण, सरकार किन उदासिन ?



सन्तोष सिग्देल

गत हप्ता नेपालमा साइवर सुरक्षासम्बन्धित दुई घटना भए । पहिलो घटनामा नेपाल प्रहरीको आन्तरिक सञ्चार प्रणाली ह्याक भएर संगठनभित्रको आन्तरिक सञ्चारसम्बन्धी ठूलो परिमाणको डेटा डार्क वेबमा उपलब्ध रहेको समाचार बाहिरियो । ह्याक भएका सामग्री रहेका वेबसाइटहरू नेपालबाट खुल्न नसकिने बनाए पनि ति सामग्रीअझै पनि इन्टरनेटमा उपलब्ध नै छन् ।

दोस्रो घटनामा गत शनिवार डट जीओभी डट एनपी डोमेनमा रहेका नेपालको सरकारी निकायका वेबसाइटहरुमा डिस्ट्रिब्युटेड डिनायल अफ सर्भिस (डिडक्स) आक्रमण भई नेपाल सरकारका सम्पूर्ण वेबसाइट करिब पाँच घण्टा अवरुद्ध भए । करिब १५०० जति सरकारी वेबबाइटहरु बन्द भएको यो घटना सार्वजनिक विदाका दिन भएकाले अन्य क्षेत्रमा त्यति प्रभाव नपरे पनि अन्तर्राष्ट्रिय विमानस्थल, अध्यागमन कार्यालयमा सरकारी वेबसाइटहरू नचल्दा देशबाट बाहिरिने तथा देश भित्रिने सेवाग्राहीहरूले ठूलो समस्या भोग्नुपरेको थियो ।

नेपालमा सरकारी वेबसाइटहरुविरुद्धको आक्रमणका यि घटना नयाँ भने होइनन् । विगतमा पनि यस किसिमका घटनाहरू भएका भए पनि त्यसको प्रभाव र जोखिम कम थियो । तर पछिल्लो चरणमा सरकारी सेवाहरूमा इन्टरनेटमा आधारित प्रणालीहरूको प्रयोग बढ्दै गैरहेको, सार्वजनिक सेवा प्रवाहका क्रममा वैयक्तिक तथा सार्वजनिक तथ्यांकहरू इन्टर नेटमा आधारित प्रणालीहरूमा संकलन, प्रशोधन, व्यवस्थापन गरिने क्रम बढेको, कतिपय सेवा प्रवाह प्रणाली नै पूर्ण रूपमा इन्टरनेट प्रणालीमा आधारित रहेको अवस्थामा यस प्रकारका आक्रमणले सूचना प्रणालीमै क्षति पुऱ्याउने, वैयक्तिक तथा सार्वजनिक तथ्यांकहरूको क्षति तथा दुरूपयोग र त्यसबाट सम्भावित आर्थिक, सामाजिक, राजनीतिक क्षतिको जोखिममा समेत व्यापक वृद्धि भएको छ ।

साइबर आक्रमणमा यि घटनाहरूको विश्लेषण गर्दा देखिएको सबैभन्दा जोखिमपूर्ण पक्ष भने घटनामा संलग्न निकाय र यसका पदाधिकारीहरूको उदासिनता र घटनाको सामान्यिकरण हो । राष्ट्रिय सुरक्षा नीति २०७३ ले 'देशका संवेदनशील निकायमा हुनसक्ने साइवर हमलालाई चुनौती र खतरा' का रुपमा पहिचान गरेपनि, सबै सरकारी साइटहरुमा योजनाबद्ध रुपमा आक्रमण गरी पाँच घण्टासम्म ठप्प बनाउँदा पनि जिम्मेवार निकायले पछिल्लो घटनालाई 'सर्भर डाउन'का रुपमा मात्र चित्रण गर्न खोजेको पाइयो भने प्रायजसो मूलधारे मिडियाले समेत यसलाई सामान्य सर्भर डाउन नै भनी समाचार बनाएको पाइयो । यसरी यस्ता गम्भीर घटनाहरुलाई पनि सामान्यिकरण गर्ने प्रवृत्तिले साइबर सुरक्षा अझै पनि हाम्रो प्राथमिकता बन्न नसकेको स्पष्ट छ ।

यी घटनाहरूलाई हामीले नीतिगत तहबाट पनि हेर्न जरुरी छ । हाल प्रचलनमा रहेको साइबर कानुन भनिने लगभग १५ वर्ष पुरानो विद्युतीय कारोबार ऐनमा समयसापेक्ष संशोधन तथा परिमार्जन हुन सकेको छैन । उक्त ऐनमा यसबिचमा भएको एक मात्र संशोधन अनलाईन लैंगिक हिंसासँग सम्बन्धित विषयमा थियो । गएको संसदमा प्रस्तुत गरिएको सूचना प्रविधिसम्बन्धी विधेयक विवादास्पद प्रावधानहरुका कारण अगाडि बढ्न सकेन भने दुरसञ्चार प्राधिकरणले तयार गरेको साइवर अपराधसम्बन्धी कानुनको मस्यौदा पनि सार्वजनिक बहसका लागि बाहिर ल्याइएको छैन । दुई वर्ष अगाडि मस्यौदाका रूपमा सरकारले अगाडि बढाएको साइबर सुरक्षासम्बन्धी राष्ट्रिय नीति पनि हाल सरकारको प्राथमिकतामा रहेको देखिंदैन । हालसम्म पनि नेपालले सूचना प्रविधि सम्बन्धी कुनचाहिं स्रोत र साधनहरु अत्यन्त महत्वपूर्ण पूर्वाधार (क्रिटिकल इन्फ्रास्ट्रक्चर) हुन् भनी परिभाषित सम्म गरेको छैन ।

साइवर सुरक्षा सुनिश्चित गर्नका लागि गरिनुपर्ने आधारभूत कार्यहरू पनि सरकार र सरकारी निकायको प्राथमिकतामा पर्न नसक्नु अर्को दुःखद् स्थिति हो । उच्चपदस्थ कर्मचारीहरुबाट समेत सरकारी र औपचारिक काम कारवाहीका लागि व्यवसायिक कम्पनीले निशुल्क रुपमा उपलब्ध गराएका जिमेल, याहु जस्ता इमेल सेवाको प्रयोग, सरकारी निकायमा कम्प्रमाइज, क्रयाक गरिएका वा पाइरेटेड अपरेटिङ्ग सिस्टम वा सफ्टवेयरहरूको प्रयोग, नियमित सुरक्षा परीक्षण (सेक्युरिटी अडिट) को अभाव, फायरवाल वा एन्टिवाइरस सफ्टवेयरहरू नियमित रूपमा अपडेट वा अपग्रेड नगरिनु आदि पनि साइबर सुरक्षाको जोखिमका कारण हुन् । नेपाल सरकारको डेटा सेन्टरको रूपमा रहेको, सरकारी साइट र इमेलहरूको होस्टिङ्ग गर्ने नेसनल इन्फर्मेसन टेक्नोलोजी सेन्टरको वेबसाइटमा यो हप्ता भएको साइवर आक्रमणको समयसम्म पनि ट्र्यान्सपोर्ट लेयर सेक्युरिटी (सेक्युर सकेट लेयर) नरहेको पाइएकाले सरकारी निकायहरू साइबर सुरक्षा प्रति कतिसम्म उदासीन रहेका छन् भन्ने देखाउँछ ।

साइवर सुरक्षालाई प्राथमिकिकरण गर्नका लागि यस सम्बन्धमा भएका सरकारी अध्ययन, अनुसन्धानबाट आएका सुझावहरूलाई समेत सरकार र सरकारी निकायले नजरअन्दाज गरेको देखिएको छ । उदाहरणका लागि महालेखा परिक्षकको कार्यालयले वि.सं. २०७८ मा सूचना प्रविधि लेखा परीक्षण प्रतिवेदन तयार गर्दै राष्ट्रिय सूचना प्रविधि केन्द्रमा तथ्यांकको सुरक्षा सम्बन्धमा बहुपक्षीय विश्लेषण र समाधानको उपयुक्त संयन्त्र नहुँदा डाटा सेन्टरका तथ्यांकको पाइरेसी, ह्याकिङ, भाइरस, फिसिङ, मालवेयर जस्ता साइबर थ्रेटको जोखिम रहने र 'केन्द्रमा रहेको तथ्यांक सुरक्षा प्रणाली डाटा सेन्टरको अन्तर्राष्ट्रिय मापदण्डबमोजिम सुरक्षित र भरपर्दो छ भनी आश्वस्त हुने आधार नरहेको' भनी औंल्याएको थियो । महालेखाले दिएका सुझावहरुलाई हालसम्म पनि सरकारले कार्यान्वयनमा ल्याएको छैन ।

गृह मन्त्रालयका तत्कालीन सहसचिव डा. भिष्मकुमार भूसालको संयोजकत्वमा साइवर सुरक्षाका चुनौतीहरू एवं साइवर अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन एक अध्ययन समिति बनाइएको थियो जसले २०७८ फागुनमा अध्ययन प्रतिवेदन सरकारलाई बुझायो । उक्त प्रतिवेदनले पनि नेपालमा साइबर सुरक्षाको स्थिति कमजोर रहेको औंल्याउँदै 'साइवर हमलाका विषयमा गम्भीर नहुने हो भने एकैपटक ठूलो जोखिमको सामना गर्नुपर्ने हुनसक्छ' भन्नेमा जोड दिएको थियो । तथापि प्रतिवेदन प्राप्त गरेको एक वर्षसम्म पनि सरकारले यस विषयमा कुनै पनि प्रतिकार्य वा तयारी नगरेको हालको अभ्यासले देखाउँछ ।

त्यसैगरी २०७८ पुषमा गृह मन्त्रालयका तत्कालि सहसचिव डा. भिष्मकुमार भूसालको संयोजकत्वमा साइवर सुरक्षाका चुनौतीहरू एवं साइवर अपराध नियन्त्रणलाई प्रभावकारी बनाउन एक अध्ययन समिति बनाइएको थियो जसले २०७८ फागुनमा अध्ययन प्रतिवेदन सरकारलाई बुझायो । उक्त प्रतिवेदनले पनि नेपालमा साइबर सुरक्षाको स्थिति कमजोर रहेको औंल्याउदै 'साइवर हमलाका विषयमा गम्भीर नहुने हो भने एकैपटक ठूलो जोखिमको सामना गर्नुपर्ने हुनसक्छ' भन्नेमा जोड दिएको ...बाँकी पृष्ठ ३ मा

# कसरी मिल्छ आनन्द ?



सुमित्रा लुँइटेल




ओशो भन्छन्– सुख र दुःख अस्थायी हुन् । स्थायी भनेको आनन्द हो । मान्छे जे–जति गर्छन् त्यसको अन्तिम गन्तव्य आनन्द नै हो । चाहे धन कमाएर, चाहे पूजापाठ गरे, चाहे समाजसेवा गरेर, चाहे नाम कमाएर । यावत् कुरा गर्नुको एउटै निचोड हो, आनन्द ।

आनन्द शब्द उदाहरण गर्दा मात्र पनि हामी खुसी हुन्छौं । तर आनन्द र सुखमा फरक छ । आनन्द भनेको त्यस्तो कुरा हो जुन न सुखमा पाइन्छ न खुसीमा । सुख र खुसीभन्दा माथिको अनुभूति भनेको आनन्द हो ।

सुखलाई आनन्द भनेर हामीले वर्णन गरिरहेका हुन्छौं । तर सुख भनेको दुःखको अभाव हो । जहाँ दुःख छैन, त्यहाँ सुख छ । दुःख सुखको अभाव हो । आनन्द भनेको दुःख र सुख दुवैको अभाव हो, जहाँ दुःख र सुख दुवै हुँदैन । खासगरी चित्तको परिपूर्ण शान्त स्थिति नै आनन्दको स्थिति भएको अभिनेत्री तथा ओशो सन्यासी शोभिता सिंखडा बताउँछिन् ।

'जहाँ बाहिरको कुनै पनि आन्दोलनले हामीलाई प्रभावित नगरोस्, न दुःखको, न सुखको त्यो नै आनन्द हो,' उनी भन्छिन् ।

### सुखभन्दा माथि आनन्द

संसारका सबै प्राणी आनन्द चाहन्छन् । मानिस आफैंमा आनन्दको अवतार हो । उनको यो रूप संसारको भ्रममा हराएको छ । उसले खोज्ने र प्राप्त गर्ने प्रयास गरिरहेको हुन्छ । उसको सम्पूर्ण जीवनकाल आनन्द प्राप्तिको लागि दौडधुपमा बित्ने सिंखडा बताउँछिन् ।

'मान्छेले सुख र दुःखको बोध गर्छ, तर किन आनन्दको बोध गर्न सक्दैन ? किनभने सुख र दुःख बाहिरी हो । मान्छे बाहिरी कुरामा अल्झिएको छ । भित्र प्रवेश गर्ने फुर्सद नै छैन,' उनी भन्छिन् ।

जब सुखबाट हटिन्छ तब आनन्दमा प्रवेश गर्न सकिन्छ । त्यो साधना होइन, सामान्य चित्तको भाव हो । 'दुःखबाट हट्न चाहनु भनेको व्यक्तिको आकांक्षा सुख हो । जो सुखबाट हट्न चाहन्छ उसले भने आनन्दमा प्रवेश गर्न सक्छ,' सिंखडा भन्छिन् ।

व्यक्तिले केवल आध्यात्मिक आनन्दको चाहना गर्नुपर्छ र त्यसलाई संकलन गर्ने प्रयास गर्नुपर्छ । आनन्दको स्रोत सन्तुष्टि हो, सन्तुष्टिबिना मानिसले आनन्दको अनुभूति गर्न नसक्ने उनको निष्कर्ष छ ।

### आनन्दको खास स्रोत

आनन्दको मुख्य स्रोत ध्यान हो । आफ्नो मन र मस्तिष्कलाई शान्त राख्न सकियो भने आनन्द प्राप्त हुन्छ । ध्यानबाट मन र मस्तिष्कलाई शान्त पार्न सकिन्छ र जसबाट आनन्द प्राप्त हुन्छ । बाहिरी मायामोह, सुख–दुःखबाट टाढा भएर आफ्नो लागि सोच्न सक्यो भने मान्छेले आनन्द प्राप्त गर्न सक्ने सिंखडा सुझाउँछिन् ।

### शरीर विज्ञानको भूमिका

सिंखडाका अनुसार मनले शरीरलाई नियन्त्रण गरिरहेको हुन्छ । हामीलाई केही कुरा खान मन लाग्यो भने शरीरलाई आवश्यकता नभए पनि खान्छौं । मन र विचारले नै हामीलाई आनन्दबाट टाढा राखिरहेको हुन्छ । जब हाम्रो मस्तिष्कमा धेरै विचार आउँछ, मनमा धेरै कुरा खेल्छ हाम्रो शरीरले पनि त्यसको प्रतिक्रिया देखाउँछ ।

'धेरै दौडधुप, तनावले हाम्रो शरीरलाई पनि विभिन्न समस्या दिन्छ । तर जब हामीले मनमा आनन्द महसुस गर्छौं वा विचार शून्य राख्छौं हाम्रो शरीरमा पनि बेग्लैखाले स्फूर्ति आउँछ,' सिंखडा भन्छिन् ।

### आनन्द चैतन्यबाट मिल्छ

सुख र दुःख हराउन सक्छ । किनभने यी बाहिरी कुरा हुन् । बाहिरबाट आउने कुरा हुन् । कुनै व्यक्ति सुखी थियो, कुनै कारणले थियो । त्यो कारण हटाइदिएपछि उनी दुःखी हुनेछन् । बाहिरी कुराले आनन्दलाई नष्ट गर्न नसक्ने सिंखडा बताउँछिन् । 'हटाउन वा हराउन सक्दैन । अर्थात् सुख अस्थायी हो, दुःख अस्थायी हो । आनन्द भने स्थायी हो,' उनी भन्छिन् ।

आनन्द मनुष्यको आफ्नो चैतन्यको स्थिति हो । सुख मिल्छ, दुःख मिल्छ । आनन्द मिल्दैन । आनन्द उपस्थित छ, केवल बुझ्नुपर्छ । सुख पाउने हो, दुःख पनि पाउने हो । तर आनन्द पाउने होइन । केवल आविष्कार गर्नुपर्छ, केवल अन्वेषण गर्नुपर्छ । त्यो उपस्थित छ । सिंखडा भन्छिन्, 'बुझ्नुहोस् कि जुन चीज पाइन्छ, त्यो हराउँछ पनि । आनन्द हराउँदैन । किनभने यो पाइने कुरा होइन । आफैंभित्र रहेको कुरा हो ।' *(स्रोतः अनलाईनखबर)*

# टुकी बत्ती बाल्नुपर्ने अवस्था अन्त्य हुन्छः राज्यमन्त्री सिंह

समाज संवाददाता

हेटौंडाः नेपाल सरकारका ऊर्जा, जलस्रोत तथा सिंचाई राज्यमन्त्री दीपकबहादुर सिंहले मकवानपुरमा अब टुकी बत्ती बाल्नुपर्ने अवस्था सधैंका लागि अन्त्य हुने बताउनुभएको छ । मंगलबार राष्ट्रिय प्रजातन्त्र पार्टी मकवानपुरले हेटौंडामा आयोजना गरेको स्वागत तथा बधाई कार्यक्रममा बोल्नुहुँदै उहाँले यस्तो बताउनुभएको हो ।




मकवानपुरका केही क्षेत्रमा अझै पनि विद्युत् सुविधा पुग्न नसकेको बताउनुहुँदै राज्यमन्त्री सिंहले यो समस्या चाँडै अन्त्य हुने बताउनुभयो । अहिले आफूले विद्युत् प्राधिकरणमा बसेर विद्युत् आपूर्तिको अवस्थाको बारेमा बुझेको बताउनुहुँदै उहाँले चाँडै मकवानपुरका सबै जनताले बिजुली बत्ती बाल्न पाउने उहाँले बताउनुभयो । उहाँले काठको बिजुली पोल तथा अन्य जोखिम पोलहरुले हटाइने बताउनुभयो ।

उहाँले विद्युतीय चुलो सबै वर्गलाई सहज तरिकाले उपलब्ध हुनुपर्ने बताउनुभयो । उहाँले जनताले गरेको बचनलाई पूरा गर्नका लागि आफू सधैं सचेत रहेको बताउनुहुँदै जनताको समस्याबाट कतै नभाग्ने बताउनुभयो । उहाँले गाउँ, वडा र पालिकामा संगठन विस्तार गर्न निर्देशन दिन आग्रह गर्नुभएको छ । जनताका स-साना समस्याहरु संगठनमार्फत् आफूसमक्ष लिएर आउन उहाँले आग्रह गर्नुभयो ।

यस्तै, बागमती प्रदेश सरकारका खानेपानी, ऊर्जा तथा सिंचाईमन्त्री उद्धव थापाले आफ्नो कार्यकालमा बागमती प्रदेशलाई उज्यालो बनाउने लक्ष्य रहेको बताउनुभयो । प्रदेशका सबै जिल्लामा विद्युत् पुऱ्याउने गरी अहिले प्रदेश सरकारले काम गर्न सुरु गरिसकेको उहाँले बताउनुभयो । उहाँले सबै मन्दिर हरुमा बिजुली बत्ती पुऱ्याएर उज्यालो पार्ने बताउनुभयो ।

केन्द्रमा पनि ऊर्जा, जलस्रोत र सिंचाईमन्त्री एउटै पार्टीको रहेको बताउनुहुँदै उहाँले प्रदेशमा आफूलाई काम गर्न सहज हुने बताउनुभयो । सरकारमा सहभागी भएर काम गर्न राप्रपालाई अवसर आएकाले राप्रपा सरकारमा सहभागी भएको उहाँको भनाई छ । कुनै पदको स्वार्थका लागि नभई जनताको काम गर्छु भनेर आफूहरु सरकारमा सहभागी भएको उहाँको भनाई छ ।

राप्रपा मकवानपुरका अध्यक्ष शिवराम थापाको सभाध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारका वन तथा वातावरणमन्त्री राजु विष्ट, पर्यटन, उद्योग तथा सहकारीमन्त्री डम्बरबहादुर तामाङलगायतको आतिथ्य रहेको थियो ।

## एक सातामा...

थियो । तथापि प्रतिवेदन प्राप्त गरेको एक वर्षसम्म पनि सरकारले यस विषयमा कुनै पनि प्रतिकार्य वा तयारी नगरेको हालको अभ्यासले देखाउँछ । सेवा अवरुद्ध भएका अवस्थामा कसरी सेवा सञ्चालन गरिनेछ भन्ने न्युनतम विजनेस कन्टीन्युटी प्लानसम्म सरकारले तयार गरेको रहेनछ भने सरकारले गठन गरेको भनिएको तथाकथित Computer Emergency Response Team (CERT) पनि यस घटनामा कतै देखिएन ।

नेपाल सम्भावित साइवर आक्रमणको जोखिममा छ भन्ने कुरा विभिन्न अध्ययनहरुले देखाइसकेको र कमजोर सूचना प्रविधि पूर्वाधार, दक्ष जनशक्तिको अभाव, सुरक्षित साइवर अभ्यासको कमिको अवस्थामा उक्त जोखिमहरु झनै गम्भीर रहको अवस्थामा हामीले साइवर सुरक्षालाई राष्ट्रिय सुरक्षाकै एक महत्वपूर्ण पक्षका रूपमा लिई सीघ्रताका साथ अत्यावश्यक कदमहरू चाल्न आवश्यक छ । त्यसअन्तरगत नीतिगत तथा कानुनी सुधार (राष्ट्रिय साइबर सुरक्षा नीति, सूचना प्रविधि कानुन तथा साइवर अपराध कानुनको तत्काल अवलम्बन), सूचना प्रणालीहरूको नियमित सुरक्षा परीक्षण, अपडेट तथा अपग्रेड, साइबर आक्रमण वा हमलाका बखतमा तत्काल आवश्यक कदम चाल्नका लागि प्रतिकार्य समुह (रेस्पोन्स टिम)को व्यवस्था, कर्मचारीहरूको प्राविधिक क्षमता अभिवृद्धि, सरकारी निकाय तथा पदाधिकारीहरूमा सुरक्षित साइवर अभ्यासको बाध्यकारी व्यवस्था गरिनु पर्छ। यसका साथै साइबर अपराध वा साइबर आक्रमण प्राय:जसो अवस्थामा वर्हिदेशीय क्षेत्राधिकार (देश बाहिरका स्थानबाट) हुने भएकाले राष्ट्रिय सामर्थ्य वा क्षमताबाट मात्र यसको सम्बोधन हुन सक्दैन, यसका लागि अन्तरराष्ट्रिय सहकार्य र सहयोग पनि आवश्यक हुन्छ । त्यसका लागि सरकारले साइबर अपराधसम्बन्धी हालसम्मको एकमात्र प्रभावकारी अन्तर्राष्ट्रिय सन्धिका रूपमा रहेको बुडापेस्ट कन्भेन्सनको सदस्य राष्ट्र बन्ने तर्फ पनि ध्यान दिन जरुरी छ ।

*श्रोतः आइएनएस-स्वतन्त्र समाचार*

# बृद्धाश्रमलाई खाद्यान्न सहयोग

समाज संवाददाता

हेटौंडाः रेडियो मकवानपुरको १३ औं वार्षिकोत्सव तथा रेडियोको सञ्चालक संस्था दिव्यतारा बहुउद्देश्यीय सहकारीको २५ औं स्थापना दिवसको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रम अन्तर्गत मंगलबार श्रीमद् भागवत ज्ञान सञ्चार बृद्धाश्रमलाई खाद्यान्न सहयोग गरिएको छ । हेटौंडा-१७ मा रहेको बृद्धाश्रमलाई मंगलबार बिहान चामल, दाल, तेल, साबुन लगायतका सामग्री सहयोग गरिएको हो ।

रेडियो मकवानपुरका सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुलीको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ६ नम्बर वडा अध्यक्ष बिष्णुबहादुर दाहालको प्रमुख आतिथ्य रहेको थियो । वडा अध्यक्ष दाहालले बृद्धाश्रमलाई २० हजार रुपैयाँ बराबरको खाद्यान्न तथा लत्ताकपडा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गनुभयो । रेडियोले वार्षिकोत्सवमा सप्ताहव्यापी कार्यक्रम गरेर समाजमा योगदान पुऱ्याएको भन्दै उहाँले प्रशंसा गनुभयो ।

रेडियोका अध्यक्ष पराजुलीले सामुदायिक रेडियोको कर्तव्य पूरा गर्न लागी परेको बताउनुभयो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका १७ नम्बर वडा सदस्य एवम् बृद्धाश्रमका सचिव नवराज न्यौपाने, रेडियो मकवानपुरका प्रबन्ध निर्देशक आशिष दुलाल लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा हेटौंडा उपमहानगरपालिका ६ नम्बर वडा सदस्य विजय पौडेल, बृद्धाश्रमका अध्यक्ष लक्ष्मण कटुवाल, आबाल ब्रम्हचारी नारायण स्वामी, दिव्यतारा बहुउद्देश्यीय सहकारीका कार्यसमिति सदस्य बालगोपाल कँडेल, प्रेस युनियन मकवानपुर अध्यक्ष पोष्टराज अधिकारी कुमार लगायतको आतिथ्यता रहेको थियो ।

# निःशुल्क आँखा शिविरः १४५ जनामा मोतिविन्दु



*आँखा परीक्षण गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः लायन्स क्लबको आयोजनामा जारी निःशुल्क आँखा परीक्षण शिविरअन्तर्गत् मंगलबार मकवानपुर र बारा जिल्लामा शिविर भएको छ । मकवानपुरको बागमती गाउँपालिकाको फापरबारीमा, बारा जिल्लाको भादाह र बाराकै इनवसीरामा शिविर भएको हो ।

मकवानपुरको बागमतीमा भएको शिविरमा २ सय ११ जनाको आँखा परीक्षण गर्दा २३ जनामा मोतिविन्दु देखिएको छ । यस्तै, बारा जिल्लाको भादाहमा भएको शिविरमा २ सय ८२ जनाको परीक्षण गर्दा ७२ जनामा मोतिविन्दु र बाराकै इनवसीरामा भएको शिविरमा २ सय ८६ जनाको परीक्षण गरिएकोमा ५० जनामा मोतिविन्दु पाइएको छ । मोतिविन्दु देखिएकाहरुलाई बिहीबार हेटौंडा सामुदायिक आँखा अस्पतालमा ल्याइने र शुक्रबार शल्यक्रिया गरिने कार्यक्रम संयोजक अमित शर्माले बताउनुभयो ।

नेत्र स्वास्थ्य विशेषज्ञ डा. सन्दुक रुइत नेतृत्वको टोलीले आँखाको परीक्षण गरिरहनुभएको छ । लायन्सको आयोजनामा सोमबार बाराको महेशपुरमा भएको शिविरमा ३ सय ९१ जनाको आँखा परीक्षण गरिएकोमा ९२ जनामा मोतिविन्दु र सर्लाहीको हरिवन नगरपालिकामा भएको शिविरमा ३ सय ३६ जनाको आँखा परीक्षण गरिएकोमा ३६ जनामा मोतिविन्दु देखिएको थियो । यस्तै, बुधबार मकवानपुरको राक्सिराङ गाउँपालिका, हेटौंडाको बसामाडी गुम्बामा र पर्सा जिल्लाको वीरगञ्जमा आँखा शिविर हुने जनाइएको छ ।

सम्पूर्ण विश्वसनीय स्थानीय समाचार र विचारका लागि
www.samriddhasamaj.com.np

# विद्यार्थीका स-साना गुनासोलाई पनि सम्बोधन गर्दै आएका छौं ।

मकवानपुरगढी गाउँपालिकाको अध्यक्ष दोर्जे स्याङ्तान सेवानिवृत्त शिक्षक हुनुहुन्छ । शिक्षक मात्रै नभएर गाउँपालिका अध्यक्ष स्याङ्तान साविक शिक्षा कार्यालयको स्रोतव्यक्ति र विद्यालय निरीक्षकको भूमिकामा समेत काम गर्नुभएको व्यक्ति हो । उहाँ गाउँपालिका अध्यक्ष हुनुभएपछि मुख्यतः शिक्षा क्षेत्रमा आमुल परिवर्तनको अपेक्षा गरिएको थियो । मकवानपुरगढी गाउँपालिकाको समग्र शिक्षामा सुधारको संकेत नदेखिए पनि मकवानपुरगढी-२, शिखरकटेरीस्थित चण्डिका माविका प्रधानाध्यापक कमल फुयालले भने प्रधानाध्यापक हुनुभएको एक वर्षको अवधिमा विद्यालयमा उल्लेख्य सुधार गर्नुभएको छ । प्रधानाध्यापक फुयालसँग समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेठले गर्नुभएको कुराकानीः



**कमल फुयाल, प्रधानाध्यापक**
**चण्डिका मावि, मकवानपुरगढी-२**

समाजः एक वर्ष अवधिसम्मको प्रधानाध्यापकको जिम्मेवारी कस्तो रह्यो ?

**कमल**: मैले वि.सं. २०७८ को पौष महिनाबाट प्रधानाध्यापकको जिम्मेवारी सम्हालेको थिएँ । त्यतिबेला त्यहाँ बस्ने बासिन्दा र समुदायको हिसाबमा हेर्दा त्यहाँका बासिन्दाहरुले शिक्षाको बारेमा अझै धेरै कुराहरु बुझ्न बाँकी रहेको थियो । विद्यालयलाई समुदायसँग नजोडिरहेको अवस्थामा विद्यालयलाई समुदायसँग जोड्ने र शिक्षाको क्षेत्रमा केही परिवर्तन ल्याउनैपर्छ भन्ने लागेर मैले प्रधानाध्यापकको जिम्मेवारी सम्हालेको थियो । मैले यो एक वर्षको अवधिमा अभिभावकहरुलाई विद्यालय के हो ?, विद्यालयमा के कस्ता गतिविधिहरु हुन्छन् ?, अभिभावकको विद्यालय र आफ्ना बालबालिकाप्रति जिम्मेवारी के हो ? जस्ता कुराहरु बुझाउन सफल भएँ । शिक्षक, अभिभावक र विद्यार्थीहरुबिचको त्रिकोणात्मक सम्बन्धलाई सुमधुर बनाएर अघि बढेकाले शिक्षाको गुणस्तर बढ्दै पनि गइरहेको छ ।

समाजः तपाईको नेतृत्वमा यो एक वर्षको बीचमा विद्यालयमा मुख्य के के कुरामा सुधार भयो ?

**कमल**: भौतिक पूर्वाधारमा केही सुधार भएको छ । शिक्षातर्फ हेर्ने हो भने परम्परागत शिक्षा प्रणालीलाई केही परिवर्तन गरी शिक्षण प्रणालीमा आईसीटीको प्रयोगमा जोड तथा आईसीटी ल्याबको समेत व्यवस्थापन गर्दैछौं । कक्षाकोठाहरुमा पनि आईसीटीको प्रयोग गरी पठनपाठन गर्दैछौं । परीक्षा प्रणाली र परीक्षाको नतिजा प्रकाशनलाई सुधार गरी अभिभावकहरुसमक्ष नतिजा प्रकाशन गर्दै आएका छौं । विद्यार्थीभन्दा शिक्षक जहिले पनि ठूला हुन्, यिनीहरुको कुरा सुन्यो भने यिनीहरुले हामीलाई हेप्छन् भन्ने भ्रमलाई चिरी विद्यार्थीका स-साना गुनासोलाई पनि सम्बोधन गर्दै आएका छौं । र, शिक्षकहरुमा पनि दिनानुदिन आफू पनि अपडेट हुनुपर्छ भन्ने कुरालाई व्यवहारमा लागू गर्दै आएका छौं ।

समाजः शिक्षकहरुको सामूहिक प्रयत्नचाहिँ कस्तो पाउनुभएको छ ?

**कमल**: विद्यालयमा शिक्षकहरुको लिजर पिरियड (खाली घण्टी) भन्नेबित्तिकै बस्ने, गफ गर्ने र मोबाइल चलाउने समयको रुपमा प्रयोग गर्ने संस्कृति रहेको छ । तर वास्तवमा लिजर पिरियड भनेको अन्य क्रियाकलापको तयारीका लागि दिइएको समय हो । आफ्नो लिजर पिरियडमा खाली भएको कक्षामा गएर 'इन्गेज' गर्न पनि सकिन्छ । शिक्षाको गुणस्तर सुधार्नका लागि प्रधानाध्यापकको मात्र नभई सम्पूर्ण शिक्षकहरुको उत्तिकै भूमिका रहेको हुन्छ । हाम्रो विद्यालयमा पनि सम्पूर्ण शिक्षकहरुले सहयोग गर्नुभएको छ । हामीले कार्यविभाजन गरिदिएका छौं र त्यसैअनुसार उहाँहरुले मलाई सहयोग पुऱ्याउनुभएको छ ।

समाजः प्रधानाध्यापकको जिम्मेवारी स्थायी र सिनियर शिक्षकले लिनुपर्छ भन्ने जड बुझाई रहेको छ, त्यो विपरीत तपाईं राहत कोटाको शिक्षकले प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्दै गर्दा राहत कोटाको शिक्षकले पनि प्रधानाध्यापकको जिम्मेवारी पाउनुपर्छ भन्ने कुरालाई कत्तिको स्वीकारेको जस्तो महसुस गर्नुभएको छ ?

**कमल**: मैले बुझेअनुसार स्थायी र सिनियर शिक्षकले नै प्रधानाध्यापकको जिम्मेवारी पाउनुपर्छ भन्ने कुरा उहाँहरुको अधिकारभित्र पर्दोरहेछ । अस्थायी तथा राहतको शिक्षकलाई प्रधानाध्यापक दिंदा स्थायी शिक्षकले मुद्दा हालेर प्रधानाध्यापकको जिम्मेवारी लिन पनि पाइँदोरहेछ । नेपाल सरकारले बनाएको प्रणालीअनुसार स्थायी शिक्षकले चाहनुभयो भने यस्ता अधिकारहरु पाइँदोरहेछ, तर सरकारको यो प्रणालीमा कार्यकुशलता भने मापन गरेको पाइएन । मेरो विचारमा राहत कोटाको शिक्षकमा शिक्षाको गुणस्तर सुधार्न सक्ने वा प्रधानाध्यापकको जिम्मेवारी सम्हाल्न सक्ने क्षमता छ भने स्थानीय निकायले पनि सहयोग गर्नुपर्छ जस्तो लाग्छ ।

समाजः तपाईको नेतृत्वमा व्यवस्थापन समितिको अवधारणाअनुसार उहाँहरुको परिचालन तथा उपयोग कसरी गर्दै आउनुभएको छ ?

**कमल**: व्यवस्थापन समितिबिना विद्यालय चल्नै सक्दैन । व्यवस्थापन समितिको मातहातमा रहेर विद्यालयको प्रशासनले काम गरेको हुन्छ । विद्यालयको भौतिक पूर्वाधार सुधार, शैक्षिक गुणस्तर सुधारजस्ता विषयहरुमा व्यवस्थापन समितिसँग सहकार्य गरी अघि बढ्दै आएका छौं । मैले नेतृत्व थालेपछि केही मात्रामा भौतिक पूर्वाधारहरुमा सुधार आएको छ । शैक्षिक गुणस्तरअन्तर्गत् नम्बरलाई मात्र नहेरी सीप विकास, व्यवहार परिवर्तन र आचरणमा आएका परिवर्तनहरुमा हेर्दै आएका छौं । यस्ता सम्पूर्ण सुधारका कार्यहरुमा व्यवस्थापक समितिको सहयोग महत्वपूर्ण रहेको छ । र, हामीले व्यवस्थापन समितिसँग सहकार्य गरी सँगसँगै अघि बढेका छौं ।

समाजः प्रथम त्रैमासिक परीक्षादेखि अर्धवार्षिक परीक्षासम्म आइपुग्दा विद्यार्थीको नतिजामा कस्तो सुधार पाउनुभयो ?

**कमल**: प्रथम त्रैमासिक परीक्षाको तुलनामा अर्धवार्षिक परीक्षामा विद्यार्थीहरुको नतिजा सुधारमूलक देखिन्छ । वार्षिक परीक्षामा अझै नतिजामा सुधार आउने आशा पनि गरेका छौं । त्यसका लागि हामीले साप्ताहिक तथा मासिक परीक्षाहरु नियमित लिइँदै आएको छ र उक्त परीक्षाको विश्लेषण अभिभावकहरुलाई समेत राखेर गर्दै आएका छौं । अभिभावक, शिक्षक र विद्यार्थी बसेर नतिजालाई अझै सुधार कसरी गर्न सकिन्छ भन्ने कुरामा गहन छलफल पनि गर्दै आएका छौं ।

# उपमहानगरले फुटबल एकेडेमी सञ्चालन गर्ने

समाज संवाददाता

हेटौंडाः फुटबल खेलको विकास र खेलाडी उत्पादन गर्ने उद्देश्यले हेटौंडामा फुटबल एकेडेमी सञ्चालनको तयारी सुरु भएको छ । हेटौंडा उपमहानगरपालिका कार्यालयले खेलाडी उत्पादन, खेलको विकास र प्रवर्द्धनका लागि एकेडेमी सञ्चालन गर्न लागिएको हो ।

फुटबलका खेलाडीको लागि उर्वर भूमि मानिँदै आएको हेटौंडाबाट प्रतिभावान नयाँ खेलाडी उत्पादनको लक्ष्यसहित खेलाडी उत्पादनलाई प्राथमिकतामा राखेर काम अघि बढाएको बताइएको छ। जिल्लामा सञ्चालन हुने प्रतियोगिता र राष्ट्रियस्तरका खेलमा खेलाडी सहभागी गराएर हेटौंडाको पहिचान कायम गर्ने उद्देश्यले एकेडेमीको सुरुवात गर्न लागिएको छ । उपमहानगरपालिकाले हेटौंडा उपमहानगरपालिका फुटबल एकेडेमी तथा प्रशिक्षण केन्द्र सञ्चालन कार्यविधि २०७९ स्वीकृत गरेसँगै खेलाडी उत्पादनका लागि एकेडेमी सञ्चालनको बाटो खुलेको हो ।

स्थानीय तहबाटै खेलाडी उत्पादनलाई प्राथमिकता दिँदै हेटौंडा उपमहानगर पालिकाको १३ औं कार्यपालिका बैठकले कार्यविधि स्वीकृत गरेको हेटौंडा उपमहानगरपालिकाका नगर प्रमुख मीनाकुमारी लामाले बताउनुभयो। कार्यविधि स्वीकृतिसँगै उपमहानगरपालिकामा आवासीय सुविधासहित खेलाडी उत्पादनका लागि एकेडेमी सञ्चालन गर्ने बाटो खुलेको उहाँले जानकारी दिनुभयो । कार्यविधिअनुसार उपमहानगरको १९ वटै वडामा रहेका १२ देखि १४ वर्ष उमेर समूहका उत्कृष्ट महिला तथा पुरुष खेलाडी छनोट गरी एकेडेमीमा राखेर प्रशिक्षण दिइने बताइएको छ ।

पारित कार्यविधिअनुसार उपमहानगरको हरेक वडाबाट १/१ जना महिला तथा पुरुष र यसै क्षेत्रका अब्बल खेलाडीसहित ४५ जनालाई 'क्लोज क्याम्प'मा राखेर नियमित प्रशिक्षणसहित आवास, खानपान, शिक्षा र स्वास्थ्य उपचार सुविधासहित एकेडेमी सञ्चालन गरिने हेटौंडा उपमहानगरपालिकाका प्रवक्ता सबिन न्यौपानेले बताउनुभयो। एकेडेमीमा नगरका ४५ जना महिला तथा पुरुष खेलाडीलाई आवासीय सुविधा सहित प्रशिक्षण गराउनका चालु आर्थिक वर्षका लागि ७५ लाख रुपैयाँ रकम विनियोजन गरेको छ ।

मकवानपुर जिल्ला फुटबल संघसँग चाँडै फुटबल एकेडेमी सञ्चालनका लागि सम्झौताको काम अघि बढाउने तयारी उपमहानगरपालिकाले गरेको प्रवक्ता न्यौपानेले जानकारी दिनुभयो । मकवानपुरमा सञ्चालन हुने एकेडेमीका उत्पादन खेलाडीले राष्ट्रियस्तरमा नाम कमाउन सक्ने विश्वास उहाँले व्यक्त गर्नुभयो । प्रवक्ता न्यौपानेका अनुसार जिल्लामा हुने दुई वटा राष्ट्रियस्तरका प्रतियोगितामा समेत स्थानीय टोलीमा बाहिरका खेलाडी समावेश गराउनुपर्ने बाध्यता अन्त्य विश्वास उपमहानगरपालिकाले राखेको छ ।

# बकैयाकप माघ २२ देखि

समाज संवाददाता

हेटौंडाः बकैया गाउँपालिकामा बकैयाकप नकआउट फुटबल प्रतियोगिता-२०७९ आउँदो माघ २२ गते आइतबारदेखि हुने भएको छ। गत आइतबार बकैया गाउँपालिका खेलकुद विकास समितिले सूचनामार्फत् प्रतियोगिताको बारेमा जानकारी गराएको हो ।

प्रतियोगितामा सहभागिताका लागि गाउँपालिकाको १२ वटै वडामा सूचना पठाइसकेको बकैया गाउँपालिका खेलकुद विकास समितिका संयोजक विजय लामा थिङले जानकारी दिनुभयो । प्रतियोगिता बकैया-७, भिरकोटस्थित जनक माविको खेल मैदानमा हुने थिङले बताउनुभयो ।

प्रतियोगितामा विजयी हुने टिमले नगद १ लाख ५० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले १ लाख रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ । प्रतियोगितामा खेलको उत्कृष्ट खेलाडीसहित विधागत पुरस्कार पनि प्रदान गरिनेछ भने अनुशासित हुने टिमले नगद १० हजार रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ ।

प्रतियोगितामा सहभागिताका लागि प्रत्येक वडालाई माघ १९ गतेभित्र टिम दर्ता गर्न सूचनामा उल्लेख गरिएको छ । टिम दर्ता शुल्क ३ हजार रुपैयाँ तोकिएको छ । प्रतियोगिताको खेल तालिका माघ २० गते सार्वजनिक गरिने जनाइएको छ ।

# जेसीआई बस्तीपुर हाँडीखोलामा प्रेम पदस्थापित




पदस्थापनाको क्रममा सन् २०२३ का अध्यक्ष प्रेम गोङ्वा तामाङलाई सपथ गराउनुहुँदै सन् २०२२ का अध्यक्ष तेजप्रसाद उप्रेती ।

समाज संवाददाता

हेटौंडाः जेसीआई बस्तीपुर हाँडीखोलाको अध्यक्षमा प्रेम गोङ्वा तामाङ पदस्थापित हुनुभएको छ। मंगलबार एक समारोहका बीच प्रेमलाई सन् २०२३ का लागि अध्यक्षमा पदस्थापित गरिएको हो । निर्वाचन आयुक्त राजेश भेटवालले निर्वाचनको परिणामअनुसार पदस्थापनका लागि सहजीकरण गर्नुभएको थियो ।

सन् २०२२ का अध्यक्ष तेजप्रसाद उप्रेती (रमेश) ले सन् २०२३ का लागि अध्यक्ष निर्वाचित प्रेम गोङ्वा तामाङलाई सपथ गराउनुभयो भने पूर्वअध्यक्षहरुले अध्यक्षको माला रमेशको गलाबाट प्रेमको गलामा पहिन्याइदिनुभएको थियो । पदस्थापनापछि प्रेमले जेसीआई बस्तीपुर हाँडीखोलामार्फत समुदायमा उल्लेखनीय कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । यसैबीच सन् २०२३ का लागि अध्यक्षमा पदस्थापित प्रेमले महासचिवमा कृष्ण यादव, कोषाध्यक्षमा अमृत पाठक र कानुनी सल्लाहकारमा सन्तोष उप्रेतीलाई मनोनित गर्नुभएको छ। केहीदिन अघि सम्पन्न १२ औं अधिवेशनबाट प्रेमको नेतृत्वमा कार्यकारिणी उपाध्यक्षमा सन्तोष उप्रेती र शिवराज उप्रेती, उपाध्यक्षमा सन्दीप पाठक, सुरज बतौला, राम गिरी र हरे हटुवाल निर्वाचित हुनुभएको थियो ।

संघीय सरकारका उर्जा, जलस्रोत तथा सिंचाई राज्यमन्त्री दीपक बहादुर सिंहको प्रमुख आतिथ्यमा पदस्थापना तथा पुरस्कार वितरण कार्यक्रम भएको हो । कार्यकाल पूरा हुँदै गर्दा रमेशले बस्तीपुरका ज्येष्ठ अगुवा, आफ्ना सहयोगीलाई सम्मान तथा मायाको चिनो वितरण गर्नुभयो। कार्यक्रममा जेसीआई बस्तीपुर हाँडीखोलाका संस्थापक अध्यक्ष गणेश भेटवाल, पूर्वअध्यक्ष राममणि बतौला तथा जेसीआईका विभिन्न शाखा अध्यक्ष तथा प्रतिनिधिको सहभागिता रहेको थियो ।

# आँखा शिविर हुने

समाज संवाददाता

हेटौंडाः रोटरी क्लब अफ हेटौंडा, रोट्र्याक्ट क्लब अफ हेटौंडा र हेटौंडा सामुदायिक आँखा अस्पतालको संयुक्त आयोजनामा निःशुल्क आँखा परीक्षण शिविर हुने भएको छ । शिविर माघ २६ र २७ गते दुई दिन हुने हेटौंडा सामुदायिक आँखा अस्पतालका वरिष्ठ सहायक सुधिर श्रेष्ठले जानकारी दिनुभयो ।

पहिलो दिन माघ २६ गते मकवानपुरको मनहरी-६, सुनाचुरीको राष्ट्रिय माध्यमिक विद्यालय र रौतहटको सन्तपुर, दोस्तिया, फतुवा नगरपालिका-५ मा शिविर हुने भएको छ। दोस्रो दिन माघ २७ गते मकवानपुरगढी-६, डुम्रेकुनाको जाल्पादेवी माध्यमिक विद्यालय र बाराको जितपुर सिमरा-१० को परमानन्द नेपाल राष्ट्रिय आधारभूत विद्यालयमा हुने भएको छ । शिविरमा नेत्र स्वास्थ्य विशेषज्ञ डा. सन्दुक रुइत नेतृत्वको टोलीले आँखा परीक्षण गर्नुहुने बताइएको छ । शिविरमा ४ सय ३० जनाभन्दा बढिले लाभ लिने श्रेष्ठले बताउनुभयो ।

# गोरक्षनाथ माविको ४ कोठे भवन शिलान्यास

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१८, फुर्केचौरमा रहेको गोरक्षनाथ माध्यमिक विद्यालयको ४ कोठे भवनको मंगलबार शिलान्यास गरिएको छ । विद्यालय भवनको हेटौंडा उपमहानगरपालिकाकी नगरप्रमुख मीनाकुमारी लामाले शिलान्यास गर्नुभएको हो ।

विद्यालयको भवन निर्माणका लागि संघीय सरकारबाट ३६ लाख रुपैयाँ, हेटौंडा उपमहानगरपालिकाको २० लाख रुपैयाँ र विद्यालयको ७ लाख रुपैयाँ गरी ६३ लाख रुपैयाँ बराबरको रकम रहेको प्रधानाध्यापक होमबहादुर नेपालीले जानकारी दिनुभयो। विद्यालय भवनको शिलान्याससँगै भौतिक संरचनाको समस्या समाधान भएको उहाँले बताउनुभयो ।

हाल विद्यालयमा ३ सय ३० जना विद्यार्थीहरु अध्ययनरत रहेका छन् । विद्यालयमा दरबन्दीका १२ जना शिक्षक रहेको भन्दै उहाँले विद्यालयमा जम्मा १७ जना शिक्षकहरुले पठनपाठन गराइरहनु भएको जानकारी दिनुभयो ।

कार्यक्रम विद्यालय व्यवस्थापन समितिका अध्यक्ष शैलेन्द्रराज बानियाँको सभाध्यक्षता तथा नगरप्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको हो । कार्यक्रममा हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, प्रवक्ता सबिन न्यौपने, शिक्षा शाखाका अधिकृत गंगाधर रिमाल, हेटौंडा-१८ का अध्यक्ष अनिलकुमार बानियाँलगायत विद्यालयका शिक्षक, अभिभावकहरुको उपस्थिति रहेको थियो ।

# शैक्षिक प्रदर्शनी हुने

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका वडा नम्बर ४ को आयोजना तथा शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ को व्यवस्थापनमा बृहत शैक्षिक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रम हुने भएको छ । कार्यक्रम माघ २० गते शुक्रबार हेटौंडा-४ स्थित रोयल पार्टी प्यालेसमा हुने भएको हो ।

मंगलबार हेटौंडा उपमहानगर पालिका-४ का वडा अध्यक्ष नवीन सिग्देलले पत्रकार सम्मेलनमार्फत् बृहत शैक्षिक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रमको बारेमा जानकारी गराउनुभएको छ। बृहत शैक्षिक प्रदर्शनीतर्फ विद्यार्थी तथा विद्यालयलको सामाजिक, विज्ञान र गणित विषयका सामग्रीहरुको प्रदर्शनी हुने र प्रतियोगिता गराई पुरस्कृत गरिने सिग्देलले बताउनुभयो ।

सांस्कृतिक कार्यक्रममा मौलिक नेपाली गीतमा नृत्य र एकल गायन प्रतियोगिता हुने उहाँले बताउनुभयो । वडाभित्रका ८ वटा विद्यालयहरुको सहभागिता रहने कार्यक्रममा करिब १० हजार जनाले अवलोकन गर्ने उहाँले बताउनुभयो । बृहत शैक्षिक प्रदर्शनी तथा सांस्कृतिक कार्यक्रममा २६ वटा स्टल रहने शैक्षिक गुणस्तर सुधार समिति हेटौंडा-४ का संयोजक श्रीराम दहालले बताउनुभयो । कार्यक्रमले विद्यार्थीहरुको शैक्षिक गुणस्तर वृद्धि हुनुका साथै सिर्जनशीलतासमेत प्रस्फुटन हुने दहालले बताउनुभयो ।

# सम्पादक श्रेष्ठ पुरस्कृत

समाज संवाददाता

हेटौंडाः समृद्ध समाज दैनिकका सम्पादक सुरेश श्रेष्ठ पुरस्कृत हुनुभएको छ । जेसीआई बस्तीपुर हाँडीखोलाले मंगलबार १२ औं पदस्थापना समारोहमा सम्पादक श्रेष्ठलाई उदय सिंह पाठक स्मृति सामाजिक सेवा पुरस्कार-२०७९ प्रदान गरेको हो । पत्रकारितामार्फत सामाजिक सेवाको क्षेत्रमा योगदान पुऱ्याएको भनी सम्पादक श्रेष्ठलाई पुरस्कृत गरिएको हो । यस्तै सामाजिक सेवाको क्षेत्रमा क्रियाशील मानवसेवा आश्रमकी महासचिव सुशीला केसी (रुपा) लाई सामाजिक सेवातर्फ उदय सिंह पाठक स्मृति सामाजिक सेवा पुरस्कार-२०७९ प्रदान गरिएको छ।

सामाजिक सेवामा क्रियाशील व्यक्तित्व र सामाजिक सेवाको कार्यलाई प्रोत्साहित गर्ने पत्रकारलाई हरेक वर्ष स्व. पाठकको परिवारले पुरस्कृत गर्दै आएको छ । स्व. उदय सिंह पाठकका जेठो छोरा अमृत पाठकले बुबाले समाजमा पुऱ्याउनुभएको योगदानको स्मरण गर्नुका साथै सामाजिक सेवाको क्षेत्रमा क्रियाशील व्यक्ति र सामाजिक सेवको विषयलाई प्राथमिकता दिने पत्रकारलाई निरन्तर पुरस्कृत गरिने स्पष्ट पार्नुभयो ।

पदस्थापन समारोहका प्रमुख अतिथि संघीय सरकारका उर्जा, जलस्रोत तथा सिंचाई राज्यमन्त्री दीपक बहादुर सिंहले श्रेष्ठ र केसीलाई दोसल्ला ओढाएर सम्मानपत्र तथा जनही नगद ७ हजार २ सय २ रुपैयाँ हस्तान्तरण गर्नुभयो ।

# ज्ञानदा माविमा थापा

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१० स्थित ज्ञानदा माविको व्यवस्थापन समिति अध्यक्षमा पुष्पराम थापा चयन हुनुभएको छ । वनसेवाबाट सेवानिवृत्त उपसचिव शिक्षाप्रेमी/समाजसेवीको रुपमा विद्यालय व्यवस्थापन समितिको सदस्य मनोनित हुनुभएको थियो । आइतबार विद्यालय व्यवस्थापन समितिका सदस्यहरुको बैठकले थापालाई अध्यक्ष चयन गरेको हो ।

थापासँगै शिक्षासेवी तारा राई कार्कीलाई पनि विद्यालय व्यवस्थापन समितिको सदस्यमा मनोनित गरिएको थियो । पुस २९ गते सम्पन्न अभिभावक भेलाले अभिभावकमध्येबाट मानकाजी गुरुङ, गीतादेवी यादव, फुलमाया गुरुङ र मनिषा लामालाई विद्यालय व्यवस्थापन समिति सदस्य चयन गरेको थियो ।

विद्यालय व्यवस्थापन समिति सदस्यमा वडा प्रतिनिधि साधना श्रेष्ठ, शिक्षक प्रतिनिधि कृष्णप्रसाद ढकाल र हनुभएको विद्यालयका प्रधानाध्यापक रमेश सुवेदीले जानकारी दिनुभयो ।

१० कक्षासम्म पठनपाठन हुने विद्यालयमा ३ सय २२ जना विद्यार्थी

# सन्दीपको निलम्बन फुकुवा गर्ने क्रिकेट संघको निर्णय

पोखरा: नेपाल क्रिकेट संघ (क्यान)ले बलात्कारको अभियोग झेलिरहेका क्रिकेटर सन्दीप लामिछानेको निलम्बन फुकुवा गरेको छ । मंगलबार पोखरामा बसेको कार्यसमितिको बैठकले लामिछानेको निलम्बन फुकुवा गर्ने निर्णय गरेको एक सदस्यले जानकारी दिए ।

किशोरी बलात्कारको आरोप लागेपछि क्रिकेट संघले लामिछानेलाई २३ भदौमा निलम्बन गरेको थियो । २० असोजमा पक्राउ गरेका उनलाई जिल्ला अदालत, काठमाडौंले पुर्पक्षका लागि कारागार पठाएको थियो । तर उच्च अदालत, पाटनले उनलाई २८ पुसमा २० लाख धरौटीमा शर्तसहित रिहा गर्न आदेश दियो । २९ पुसमा उनी रिहा भएसँगै क्यानले निलम्बन फुकुवाबारे छलफल थालेको थियो ।

स्रोत: अनलाइनखबर ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

## नवीकरण तथा साधारण सभा सम्बन्धि सुचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही मिति २०७९ साल माघ २८ र २९ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागी इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यहि २०७९ माघ २५ गते सम्म रहेको हुनाले उक्त अवधि भित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यवहोरा जानकारी गराइन्छ ।

श्याम सुन्दर ढकाल
अध्यक्ष
निर्माण व्यवसायी संघ, मकवानपुर
हेटौंडा, मकवानपुर

## हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी,
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## सामाजिक सुरक्षा भत्ता पाउन योग्य नागरिक नछुटौं ।

- सामाजिक सुरक्षा-भत्ता जेष्ठ नागरिक, असहाय एकल महिला, लोपोन्मुख जाति, अपाङ्गता भएका नागरिक तथा लक्षित बालबालिकालाई उपलब्ध गराईन्छ।
- सामाजिक सुरक्षा भत्ता राज्यबाट अन्य कुनै किसिमका सेवा सुविधा प्राप्त नगर्ने नागरिकलाई मात्र उपलब्ध हुन्छ।
- सार्वजनिक पदमा नियुक्त, निर्वाचित, मनोनित तथा निवृत्तिभर ण पाईरहेको व्यक्तिले सामाजिक सुरक्षा भत्ता लिनु हुँदैन।
- एउटै व्यक्तिले एक लक्षित समूहबाट मात्र भत्ता प्राप्त गर्न सक्दछन्।
- एउटै व्यक्तिले दोहोरो सुविधा लिनु गैरकानुनी हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ